# नेपाल तराई कांग्रेसको इतिहास

डा. विजयप्रसाद मिश्र[1]

[1]Associate Professor
Central Department of History, TU, Kirtipur
Email: vijay.mishra@cdhis.tu.edu.np

**Article History:**
Submitted: July 05, 2024
Reviewed: September 20, 2024
Accepted: October 07, 2024

DOI: https://doi.org/10.3126/rjmi.v5i1.73713

ISSN: 2705-4594 [Print]
E-ISSN 2705-4608 [Online]

© 2024 Author/s and Research Management Cell, J S Murarka Multiple Campus Lahan, Siraha, Nepal
URL.: www.jsmmc.edu.np
URL: www.nepjol.info

**लेखसार**

*वि.सं. २००७ सालको परिवर्तनपछि क्रान्तिमा सहभागी मधेसी मूलका नेताहरूले तराईलाई प्रान्तीय ढाँचामा लाने प्रस्ताव राख्दा कांग्रेसी नेतृत्वले अस्वीकार गरेपछि कुलानन्द झा, रामजनम तिवारी, श्यामलाल मिश्र लगायतका नेताहरूको अगुवाइमा वि.सं. २००८ सालमा नेपाल तराई कांग्रेसको स्थापना भएको हो। नेपाल तराई कांग्रेसले स्वायत्त तराई राज्यको स्थापना गर्ने, हिन्दीलाई राज्यको भाषाको मान्यता दिलाउने र निजामति सेवामा पर्याप्त मात्रामा तराईका मानिसहरुको नियुक्ति गराउने उद्देश्य राखेको थियो। नेपाल तराई कांग्रेसको सन् १९५७ मे २९ मा बसेको पार्टीको तेस्रो वैठकले तराई क्षेत्रलाई क्षेत्रीय स्वायत्तता दिनुपर्ने प्रस्ताव पारित गरेको थियो। वि.सं. २०१५ सालको चुनावी अभियानमा नेपाल तराई कांग्रेसबाट उठेका २१ जना उम्मेदवार सबै पराजित भएका थिए। वेदानन्द झा राजा महेन्द्रसंग दर्शन भेट गरेर उनको समर्थनमा लागेर पञ्चायतकालमा पटक पटक मन्त्री र भारतका लागि राजदूत समेत भएका थिए। यता महासचिव रामजनम तिवारी, श्यामलाल मिश्रासहितका नेताहरू विरोधमा लागेर रक्सौल गएर सानो सम्मेलन गरी प्रजातन्त्र ल्याउनका लागि नेपाली कांग्रेसका नेता सुवर्ण शमशेर जबरा मार्फत तराई कांग्रेस पार्टीलाई नेपाली कांग्रेसमा विलय गराए। राजाको निगाहमा रमाउने वेदानन्द प्रबृत्ति अहिले पनि मधेसमा यताकदा देखिन्छ। यसले गर्दा मधेसी समुदाय अहिले पनि विभिन्न मागहरु राखि संघर्ष गरिरहेका छन्।*

*शब्दकुञ्जी:* आत्मनिर्णय, खप्पिस, जमिन्दार, देवनागरी, स्वायत्तता।

## परिचय

वि.सं. २००८ सालमा खुलेको नेपाल तराई कांग्रेस पार्टीले तराईमा स्वायत्तता, हिन्दीभाषालाई दोस्रो भाषाको रुपमा मान्यता दिनका लागि गरेको भाषा आन्दोलन र मधेसी मूलका नागरिकलाई प्रशासनमा सम्मान जनक भागीदारीको अभियान नै छेडेको थियो। यति राम्रा मागहरु राखेर जन्मिएको पार्टी वि.सं. २०१५ सालको निर्वाचनमा आएको परिणामले छिन्न भिन्न हुन पुगेको थियो। पार्टीका कोही नेपाली कांग्रेसमा त केही बामपन्थी सोच भएकाहरुले सशस्त्र संगठन नै खोलेका थिए। बेदानन्द झा पञ्चायतमा प्रवेश गरेर मन्त्री र भारतीय राजदुत भएर मधेसी नेताको रुपमा उदाएका थिए। यसले मधेसका नेताहरुको ढुलमुले चरित्रले कसरी मधेसमा खुलेको नेपाल तराई कांग्रेस सानो अवधिमा विभिन्न पार्टीमा विलय हुन पुगेको थियो ? भन्ने बुझ्नका लागि पार्टी गठन भएदेखि यसको विलय भएसम्मको अवधिमा गरेका गतिविधिहरुको विश्लेषण गरेर यो अनुसन्धानात्मक लेख तयार गरिएको छ।

## विधि

यस अनुसन्धानात्मक लेखका लागि तथ्यहरु संकलन गर्नका लागि पूर्वप्रकाशित पुस्तक, जर्नलमा आएका लेखहरु, पत्रपत्रिका, अनलाइनमा आएका लेखहरु र नेपाल तराई कांग्रेसका अध्यक्षसंगको संगतमा रहेका वा उक्त पार्टीका बारेमा जानकारी पाएकाहरुसंग प्रत्यक्ष अन्तर्वार्ता लिएर गरिएको छ। प्राथमिक तथ्याङ् संकलनका लागि वेदानन्द झालाई राजा महेन्द्रसंग दर्शनभेट गराउने विश्ववन्धु थापासंग अन्तर्वार्ता लिइएको छ भने द्वितीय तथ्याङ्क सङ्कलनका लागि पुस्तक, अनुसन्धानात्मक लेख, पत्रपत्रिका र अनलाइनमा प्रकाशित लेखहरुबाट सङ्कलन गरिएको छ। ऐतिहासिक आधारमा व्याख्या विश्लेषण गर्दै नयाँ ज्ञानको खोजि गरिएको छ।

## नेपाल तराई काङ्ग्रेसको स्थापनाकालिन अवस्था

नेपाल तराई काङ्ग्रेसको स्थापना वि.सं. २००८ सालमा भएको थियो। सिरहाको बस्तीपुरमा पहाडी समुदायको रक्षाका लागि गठन भएको किराँती दलको गतिविधिबाट सुरक्षित रहन वि.सं. २००८ सालमा तत्कालिन सप्तरी जिल्ला हाल सिरहा जिल्लाको कल्याणपुर जब्दीको बजारमा रहेको महादेव मन्दिर धर्मशालामा मधेसीहरुको एउटा भेला भएको थियो (यादव, २०७० : ८०)। बस्तीपुर तर्फबाट बेलाबेलामा दक्षिणभेगमा आएर हुलहुज्जत गर्ने किराँती दलबाट सुरक्षित हुन डाकिएको उक्त भेलाको अध्यक्षता सुब्बा औरहीका बलदेव देसा यादवले गर्नुभएको थियो (यादव, २०७०)। बैठकले सर्वसम्मतिले देउरीपट्टीका कुलानन्द झालाई नेपाल तराई काँग्रेसको अध्यक्ष चयन गरेको थियो (यादव, २०७० : ८०)। यस पार्टीको स्थापना गर्ने तत्कालिन सप्तरी जिल्ला र हाल सिरहा जिल्लाका बासिन्दा कुलानन्द झा र बेदानन्द झा दुबै दाजुभाइ हुन्। यसमा राम जनम तिवारी, श्यामलाल मिश्र र बलदेब दास यादवसमेत साथमा थिए। उपेन्द्र यादवले बलदेव दास यादव र कुलानन्द झाले सन् १९५१ मा गरेका थिए (यादव, सन् २००३ : १०३)। वि.सं. २००७ सालको परिवर्तनपछि क्रान्तिमा सहभागी मधेसी मूलका नेताहरूले कांग्रेससमक्ष तराई-मधेसबारे छुट्टै अवधारणा प्रस्तुत गरे। प्रजातान्त्रिक युगमा तराईलाई प्रान्तीय ढाँचामा लैजानुपर्ने मधेसी मूलका कांग्रेसीहरूको माग थियो, जसलाई तत्कालीन कांग्रेसी नेतृत्वले अस्वीकार गरेपछि कुलानन्द झा, रामजनम तिवारी, श्यामलाल मि श्रलगायतका नेताहरूको अगुवाइमा वि. सं. २००८ सालमा तराई कांग्रेसको स्थापना भएको हो। यो नेपालमा मधेस राजनीतिको उद्‌गम विन्दु थियो भन्न सकिन्छ।

कुलानन्द झा अस्वस्थ भएपछि उनका भाइ वेदानन्द झाले नेपाल तराई कांग्रेसको नेतृत्व लिएका थिए। नेपाल तराई काँग्रेसका गतिविधिलाई प्रभावकारी ढङ्गले अगाडी बढाउन राम्रो अंग्रेजी बोल्ने तथा भारतको पटनाबाट प्रकाशित हुने अङ्ग्रजी पत्रिका द इन्डियन नेशन र हिन्दी दैनिक आर्याबर्तको उपसम्पादक रहेका कुलानन्द झाका साँहिला भाइ वेदानन्द झालाई बोलाएर पार्टीको अध्यक्ष बनाएको थियो (यादव, २०७० : ८१)। वि. सं. २०१३ सालमा तत्कालीन सरकारले नेपालमा शिक्षाको मुख्य भाषा नेपाली लागू गरेपछि तराई कांग्रेसले तराईमा हिन्दी आन्दोलन नै सुरु गरेको थियो। त्यसअघि तराईमा पनि हिन्दी भाषामै पढाइ हुने गरेकोले पनि हिन्दी भाषाको समर्थनमा आन्दोलनले जोडतोड लिएको थियो। यसवाट नेपाल तराई कांग्रेसको स्थापनामा कसैले वेदानन्द झाको अगुवाई रहेको बताएका छन् भने कसैले कुलानन्द झाको अगुवाई रहेको बताएका छन् भने कसैले बलदेब दास यादव र कुलानन्द झाको नाम लिएका छन्। तर त्यो पार्टीमा हर्ताकर्ताका रुमा भने बेदानन्द झा नै

रहेको देखिन्छ। उनलाई सोही पार्टीको नेताका रुपमा राजा महेन्द्रले प्रचार सहायक मन्त्री समेत बनाएको प्रसंग तत्कालिन गृहमन्त्री विश्ववन्धु थापाले गरेका छन्। राजा महेन्द्रले सत्ता हातमा लिएपछि जेल परेका वेदानन्द झासंग तराईमा भेट भएको र उनलाई काठमाडौं आउन भनेर राजा महेन्द्रसंग भेट गराएर आफ्नो अधिनमा रहेको प्रचार विभागको सहायक मन्त्री बनाएको विश्ववन्धु थापाले बताएका छन् (विश्ववन्धु थापा, अन्तर्वार्ता, २०८१ असार ३०, काठमाडौं)। थापाको यो भनाइबाट बेदानन्द झा नै नेपाल तराई कांग्रेसको अध्यक्ष थिए भन्न सकिन्छ।

नेपाल तराई काङ्ग्रेसले स्थापना कालमा तीनवटा सैद्धान्तिक उद्देश्यहरु घोषणा गरिएको थियो। पहिलो तराई प्रदेशलाई एक पृथक स्वासासित राज्यको स्थापन गर्ने। दोस्रो, तराईमा बोलिने हिन्दीभाषालाई राज्य भाषाको रुपमा मान्यता दिलाउने र तेस्रोमा नेपालको नागरिक सेवामा मधेसीहरुको उचित प्रतिनिधित्व अर्थात साझेदारी दिलाउने तथा मधेसीलाई एक पृथक तराई रेजिमेन्ट बनाउन संघर्ष गर्ने ( यादव : सन् २००३ : १०३)। यी मागहरु हेर्दा मधेसलाई एउटा स्वशासित क्षेत्र बनाउने माग केही कडा भएपनि अन्य दुईभागहरु मधेसमा बस्ने जनसंख्याले बुझ्न सहज हुने हिन्दीमाषाको मान्यता माग्नु र सरकारी निकायहरुमा प्रतिनिधित्व माग्नु जायज थिए।

राणा शासनको अन्त्य संगसंगै नेपाल तराई कांग्रेस पार्टी खुल्नुमा २००७ सालको आन्दोलनमा नेपालमा मधेसमूलका नेता, कार्यकर्ताहरुले पनि सहयोग गरेका थिए। सहयोग गर्ने एलिट बर्गका मधेसीहरुले जब राष्ट्रिय राजनीतिमा पहुँच पाएनन् तब उनीहरु रुष्ट भएर नै मधेसीमूलका मानिसहरु आफै राजनीतिक पार्टी खोल्न बाध्य भएको देखिन्छ। त्यसअनुसार तराई काङ्ग्रेसले मधेसको प्रतिनिधित्व गरिरहेको थियो भन्ने देखाउँछ ।

अझ सन् १९५४ मा राष्ट्रिय शिक्षा योजना आयोगको गठन भएपछि नेपालको राष्ट्रिय शिक्षा प्रणालीको विकास गर्ने कामको थालनी भयो र यसले सन् १९५६ मा नेपालमा शिक्षा नामक प्रतिवेदन सार्वजनिक गरेको थियो। यसले दिएका धेरै सुधारहरुमध्ये नेपाली भाषालाई शिक्षाको माध्यम बनाउने नीतिलाई कार्यान्वयन गरियो। तराईका जनतामाथी नेपाली भाषा थोपरिएको कुराको विरोधमा सन् १९५१ को सुरुमै मानिसहरुको मनमा एक किसिमको विरोधको भावना जागृत भइसकेको थियो ( गेज : सन् २०१३ : १२४ )। सोही सालमा वेदानन्द झाको नेतृत्वमा नेपाल तराई काङ्ग्रेस गठन भयो। बेदानन्द झाले नेतृत्व गरेको नेपाल तराई काङ्ग्रेस स्थापना गर्नुका विभिन्न कारणहरु छन्। त्यसमध्ये अर्को तराई कांग्रेसका उत्पत्तिका कारणका बारेमा फ्रेडरिक गेजले भनेका छन्, ' शाह र राणकालमा तराईलाई अर्धउपनिवेशका रुपमा राखिएकाले नै तराई काङ्ग्रेसको उत्पत्ति भएको हो ( गेजःसन् २०१३ : १२४ )। उपेन्द्र यादवले उल्लेख गरेजस्तै नेपालको मधेसबारेमा अनुसन्धान गरेका विदेशी अनुसन्धानकर्ताले पनि नेपाल तराई कांग्रेसले आफ्ना तीन उद्देश्यहरु यसप्रकार उल्लेख गरेका थिए :

१. स्वायत्त तराई राज्यको स्थापना गर्ने।
२. हिन्दीलाई राज्यको भाषको मान्यता दिलाउने
३. निजामति सेवामा पर्याप्त मात्रामा तराईका मानिसहरुको नियुक्ति गराउने ( गेज, सन् २०१३ : १२४)। गेजले उक्त सूचना स्टेटम्यानका ४ मे १९५३ को पेज ७ वाट लिएको देखाएका छन्।

नेपाल तराई कांग्रेसले हिन्दी भाषालाई तराईको सरकारी मान्यता भाषाको रुपमा मान्यता दिनुपर्ने माग गरेको थियो (माथेमा, सन् २०११ : ५)। यस मागको पक्षमा मधेसभरी आन्दोलनहरु भएका थिए। बेदनन्द झा पहिले नेपाली कांग्रेस थिए। उनी नेपाली कांग्रेसबाट अलग भएर तराई कांग्रेस गठन गरे। यो तराई/मधेशमा आधारित क्षेत्रीय पार्टी थियो। वि.सं. २००७ सालपछि नेपालमा मधेसीहरूले संस्थागत रूपमा आफ्नो हकअधिकारको लागि मागहरू राख्न थालेको पाइन्छ। राणकाल भरी मधेसीहरुले आफ्नो हक अधिकारका लागि आन्दोलन गरेको भएपनि

तराईवासीलाई नेपालको सरकारी सेवा उपलब्ध गराउन पैरवी गर्ने तथा नेपाल देशभित्र तराईलाई क्षेत्रीय स्वायत्तता र स्वशासन दिने सवाललाई प्रमुख रुपमा उठाएका थिए।

मधेसमा राणा काल र शाह कालमा उपनिवेशिक शासन जस्तै गरि परतन्त्रको अवस्थामा रहनु परेको थियो । छोटो समयमा नै नेपाल तराई कांग्रेस नेपालको दक्षिणी भुभागको मधेस क्षेत्रमा क्षत्रीय पार्टीका रुपमा खुबै प्रभावकारी रहेको थियो (यादव, सन् २००३ : १०३)। तराईवासीलाई आधारभूत नागरिक अधिकार र मानव अधिकारबाट समेत बन्चित गरेको देखिन्थ्यो। तराईका भूमिहीत जनताहरु दुःख भोगिरहेका थिए भने देशो ९० प्रतिशत जग्गा जमिन्दार र बिर्तावालहरु सबै काठमाडौंमा बस्नदथे (यादव, २००३ : १०३ )।

मधेसमा अनुपस्थित जमिन्दारको विरुद्धमा मधेसका किसानहरुको आक्रोश बढी रहेको सन्दर्भमा नेपाल तराई कांग्रेसले यो असन्तुष्टिको नेतृत्व लिने प्रयत्न गरेको थियो (यादव, सन् २००३ : १०४)। मधेसी जनताको पक्षमा आन्दोलन गर्ने भएकोले मधेसमा स्थापना भएको दुई बर्ष अर्थात १९५३ भित्र ६० हजार सदस्य संख्या भइसकेको थियो (यादव, सन् २००३ : १०४)।

यो पार्टीलाई तराईको शक्तिको रुपमा हेर्न थालियो। विरोधीहरुले नेपाल तराई कांग्रेसलाई संकुचित विचार भएको, साम्प्रदायिक र विखण्डनकारी पार्टीको रुपमा धेरै प्रचार प्रसार गरेको थिए। यस पार्टीलाई नेपाललाई भारतको जस्तैहिन्दुस्तान र पाकिस्तानको रुपमा बाँड्ने सडयन्त्रमा थियो भन्ने आरोप लागेकोले मधेसी मूलका बाहेक अरु यसको सदस्य भएनन्।

२००७ सालको क्रान्तिका बेलामा स्थानीय प्रंशासन अस्तव्यस्त भएपछिझण्डै अराजक अवस्था उत्पन्न भएकाले तराई काङ्ग्रेसले नेपाली राष्ट्रिय संरचनाभित्र क्षेत्रीय स्वायत्तताको माग गर्ने हौसला पाएको थियो। दलगत झगडाले सरकार निकम्मा भएकाले तराई काङ्ग्रेसका नेताहरुले चर्का माग राख्दा राज्यले दमन गर्ला भनेर डराउनु नपरेकाले पनि पहिलो मागमै स्वयत्त तराईराज्यको स्थापना गर्ने भन्नेराखिएको थियो (गेज, सन् २०१३ : १२४)। यी मागहरुले गर्दा नेपालमा मधेसीहरुको बर्चश्व बढाउन एउटा आधार तयार पार्न नेपाल तराई काङ्ग्रेस सफल भएको थियो।

## स्थापना पछिको रस्साकस्सी

नेपाल तराई कांग्रेस गठन त भयो। हिन्दी भाषाका लागि मधेसभरी विभिन्न आन्दोलनहरु गरे। विस्तारै काठमाडौका नेताहरुले नेपाल तराई कांग्रेसको पृथकतावादी मनोभावको बीजलाई खतराका दृष्टिले हेर्न थाले (गेज, सन् २०१३ : १२४)। स्थानीय प्रशासनमा सरकारले नियन्त्रण कायम गरेपछि नेपाल तराई काङ्ग्रेसको स्वायत्त राज्यको माग सुनिन छाड्यो र यस मागलाई पार्टीले आफ्ना मागहरुको सूचीबाट हटायो (गेज, सन् २०१३ : १२४)। यसपछि सोही पार्टीले वि.सं.

२००९/२०१० मा सल्लाहकार सभामा मधेसीहरूको उचित प्रतिनिधित्व हुनुपर्दछ भन्ने माग गरेको थियो । वि.सं. २०१४ साल जेठ १६ गते बसेको पार्टीको तेस्रो बैठकले तराईलाई क्षेत्रीय स्वायत्तता दिलाउनुपर्छ भनी माग राखेको थियो (राउत, २०७० : १८६) । नेपाल तराई काङ्ग्रेसले नेपालमा हिन्दीभाषाबाट पठन पाठनमा रोक लगाउँदा वि.सं. २०१३ सालमा हिन्दी रक्षा समिति बनाएर हिन्दीभाषाबाट पठन पाठन हुनुपर्ने माग राख्दै आन्दोलनहरू गरेको थियो ।

नेपाल तराई कांग्रेसको सन् १९५७ मे २९ मा बसेको पार्टीको तेस्रो वैठकले तराई क्षेत्रलाई क्षेत्रीय स्वायत्तता दिनुपर्ने प्रस्ताव पारित गरेका थिए । सन् १७५७ को जुलाईमा राजा महेन्द्रले कुबर इन्द्रजीत सिंहलाई प्रधानमन्त्री नियुक्त गरेपछि मूख्य रुपमा तीनबटा जवरजस्त निर्णयहरु गरेको थियो जसको पहिलोमा शिक्षा मन्त्रालयबाट अरु भाषामा शिक्षा दिन अनुमति पाएका बाहेक अरु सबै स्कुलहरुले नेपाली भाषामा शिक्षा दिनुपर्ने । दोस्रो, सबै शिक्षकहरुलाई दुई बर्षभित्रमा नेपाली भाषामा पढाउन सक्ने क्षमता हासिल गर्न र तेस्रोमा छ महिना भित्र सबै शिक्षकलाई नेपाली नागरिकताको प्रमाणपत्र पेस गर्न आदेश दियो । (गेज, सन् २०१३ : १२६) । यसपछि नेपाल तराई कांग्रेसले हिन्दी बचाऊ अभियान चलाउने निर्णय गऱ्यो । तराई कांग्रेसको नेतृत्वमा तराईका धेरै शहरहरुमा हिन्दी बचाऊ समिति गठन गरिए (गेज, सन् २०१३ : १२६) । हिन्दी बचाउने आन्दोलनको शुरुवात तराई कांग्रेसले गरेको देखिए पनि यसमा नेपाली काङ्ग्रेस, नेपाल कम्युनिष्ट पार्टी, संयुक्त प्रजातान्त्रिक पार्टी र प्रजापरिषदका नेताहरु पनि यस अभियानमा सहभागी भएका थिए (गेज, सन् २०१३ :१२६) । तराई कांग्रसले आन्दोलन चर्काएपछि सरकारलेले आफ्नो आदेशलाई केही खुकुलो बनाएर तत्काललाई हाइस्कूल र कलेजहरुमा मात्र नेपाली भाषामा पढाई गर्नुपर्ने र प्रथमिक स्कुलमा अलि पछि मात्र यस्तो गर्न सकिने बताएको थियो । यसबाट पनि आदेशको विरोध गर्न तराई कांग्रेसले छोडेन ।

तराई कांग्रेस कै अगुवाईमा बीरगन्जमा खुलेको हिन्दी बचाऊ समितिले नोभेम्बर ११ सम्ममा सो आदेश सरकारले फर्ता नलिए संङ्घर्ष गर्ने भनेर सरकारलाई अल्टिमेटर्मा दयकोो थयो (गेज, सन् २०१३ : १२७) । अल्टिमेटम भित्र सरकारले फिर्ता नलिएकोले अन्य शहरमा रहेका हिन्दी बचाऊ अभियानका समितिलेसमेत बीरगञ्जको समितिको आन्दोलनलाई सहयोग गरेकोले देशभर उथलपुथल होला जस्तो गरेर आन्दोलन चर्किएको थियो । आन्दोलन भडकिएपछि राजा महेन्द्रले कुबर इन्द्रजीत सिंहलार्य प्रधानमन्त्रीबाट हटाएर आफ्नो हातमा शासन लिएका थिए । शुरुमा राजाले तराईमा चलिरहेको भाषा आन्दोलनले गर्दा प्रधानमन्त्री हटाएको भनेर चर्चा गरेपनि आन्दोलन भने रोकेनन् । हिन्दी बचाऊ अभियानको आन्दोलन गौर, जनकपुर, राजविराज र विराटनगरमा आमसभा, विरोध जुलुस र हडतालहरु भए । सबैभन्दा गम्भीर घटना नोभेम्बर १९ मा विराटनगरमा भयो (गेज, सन् २०१३ : १२७) । विराटनगरमा हिन्दी बचाऊ अभियानमा हजारौंको जुलुश निस्किएको थियो । नेपाली प्रचारिणी सभाले पनि यसको विरोधमा जुलुस निकाल्यो । दुबै थरी आमनेसामने हुँदा भएको झगढा र लुटपाट रोक्न प्रहरीले हस्तक्षेप गरेको थियो । त्यस घटनामा कम्तिमा २५ जना मानिसहरु घाइते भएका र तीमध्ये केही गम्भीर घाइते भएका थिए ।

विराटनगरको घटनापछि नेताहरुले पाठ सिके र मधेसमा हुने आन्दोलनमा होसियारी अपनाउन थाले । तराई कांग्रेसको हातबाट उक्त आन्दोलनलाई आफ्नो हातमा लिनका लागि अन्य पार्टीहरुले त्यसलाई समर्थन गर्ने र आफ्नो मागमा समावेश गर्न थाले । भाषाका लागि गरिएको आनदोलन

विस्तारै संयुक्त प्रजातानित्रक मोर्चाको आन्दोलनतर्फ समावेश भएर आन्दोलन गर्न थाले। भाषाविवादलाई नेपाली काङ्ग्रेस, नेपाली राष्ट्रिय काङ्ग्रेस र प्रजापरिषदले पनि एउटा गुनासाका रुपमा उठाउन थालेकाले हिन्दी भाषाका कट्टर समर्थकहरु समेत राजा महेन्द्रले छिटो छिटो परिवर्तन गरिरहने सरकारले भन्दा जन निर्वाचित सरकार आफ्नो मागप्रति सम्वेदनशील हुने आशा गर्दै हिन्दी भाषाको पक्षलाई लागेकाहरु राजा महेन्द्रलाई दवाव दिन गठान भएको संयुक्त प्रजातानित्रक मोर्चाको कट्टर समर्थक भएर अघि बढेको पाइन्छ (गेज : सन् २०१३ : १२८)। तराई कांग्रेसले हिन्दी र नेपाली भाषालाई राष्ट्रभाषा बनाउनुपर्दछ भन्यो। तराई कांग्रेसको चुनावी घोषणा पत्रमा नेपाली भाषालाई गोर्खाली भाषाको संज्ञा दिएको थियो (गेज, सन् २०१३ : १३७)। भारतको रक्सौलबाट सन् १९५७ मा नेपाल तराई कांग्रेसले निकालेको घोषणापत्रमा हिन्दी तराईभरका मानिसले बुझ्ने एउटैमात्र भाषा भएको दावी गरेको थियो। राजा महेन्द्रका पालामा बनेको नयाँ संविधानको एउटा धारामा 'देवनागरी लिपिमा लेखिएको नेपाली भाषा नेपालको राष्ट्रभाषा हुनेछ' भिनि लेखिएको थियो। यसले चुनावभन्दा पहिले नै भाषाको विवादको एक किसिमले अन्त्य गरि दिएको थियो। हिन्दी भाषालाई दोस्रो राष्ट्रभाषा बनाउन तराई काङ्ग्रेसले गरेको प्रयासलाई कमजोर बनाउनुका साथै क्षेत्रीय भाषाहरुको उल्लेख समेत नगरी तिनको अवमूल्यन पनि गर्‍यो (गेज, सन् २०१३ : १३८)। भाषा सम्बन्धी राजाकै निर्णय आइसकेपछि तराई कांग्रेसमार्फत भाषा आन्दोलनमा लागेकाहरु पनि विस्तारै लाखापाखा लाग्न थालेको अर्थात अन्य राजनीतिक पार्टी तर्फ बसाई सर्न थालेका थिए।

## नेपाल तराई काङ्ग्रेसको खस्किदो अवस्था

भाषा आन्दोलन कै क्रममा सन् १९५६ को वसन्त ऋतुमा हिन्दी समर्थितहरुको भेलाहरु आयेजना गरिन थालियो। बिराटनगरमा पहाडी समुदायले खोलेको नेपाली प्रचारिणी सभाले स्थानीय प्रशासनमा नेपाली भाषको प्रयोग गर्न माग गर्दै पर्चा बाड्को थियो, पोस्टर प्रदर्शनी र हस्ताक्षर सङ्कलन गरिएको थियो । हिन्दीभाषीहरुमाथी आक्रमण हुन सक्ने सम्भावना देखेर त्यस बखत तराई कांग्रेसका नेताहरुले नेपाली प्रचारिणी सभाले विराटनगरमका बहुसंख्यक तराईमूलका मानिस र अल्पसङ्ख्यक पहाडेहरुका बीचमा मनमुटाव सिर्जन गर्न लागेको भनी सरकारी अधिकारीहरुलाई सचेत गराएका थिए (गेज, सन् २०१३ : १२५)। एक बर्षमा आन्दोलनले भयावह रुप लिएको थियो।

नेपाल तराई कांग्रेसले प्रतिनिधिसभाको निर्वाचन भन्दा पहिले संविधानसभाको निर्वाचन गराउन माग गरेका थिए। संविधानसभाको माग माओवादीले उठाएको भन्ने गरिएता पनि ऐतिहासिक घटनाक्रम हेदा नेपाल तराई काङ्ग्रेसले उनीहरुभन्दा पहिले नै संविधानसभाको माग गरेको पाइन्छ। हुनत नेपाली कांग्रेसका नेता वीपी कोइरालाले समेत त्यस बखत संविधानसभाको माग गरेको भएपनि ठूला संगठनहरुले जोडतोडले संविधानसभाको माग नउठाई दिएकाले राजा महेन्द्रले वि.सं. २०१५ साल ( ११ फरवरी, १९५८) मा पहिलो प्रतिनिधिसभाको निर्वाचनको घोषणा गरेका थिए। यसपछि उनीहरुको माग पनि तुहियो।

नेपाल तराई कांग्रेसले राजा महेन्द्रको घोषणालाई स्वागत गर्दै संविधानसभाको निर्वाचनको मागबाट पछाडी हटेको थियो। पहिलो प्रतिनिधिसभाको निर्वाचन घोषणा पछि बसेको नेपाल तराई कांग्रेसको केन्द्रिय कार्यसमितिको वैठकले जनताको आधारभूत मानव अधिकारको रक्षा गर्न सक्ने गरी नयाँ बन्ने संसदलाई अधिकार सम्पन्न बनाउनु पर्ने माग गरेको थियो। मधेसको क्षेत्रीय पार्टी

भएकोले उनीहरुको मागमा राजा महेन्द्रले खासै चाँसो लिएको पाइदैन । माग ठूलठूला राख्ने तर संगठन राम्रो बनाउन नसक्ने रोग उक्त पार्टीमा थियो । एउटा मुद्दा उठाउने र राजाको निर्णय कुनै नयाँ आएपछि मुद्दा छोडिदिने प्रबृत्ति नेपाल तराई कांग्रेसमा हुन थाल्यो ।

पहिलो प्रतिनिधिसभाको निर्वाचनका लागि नेपाल तराई काङ्ग्रेसलाई लगौटी लगाएको मानिसले दाहिने हातमा हँसिया र टाउकोमा गहूँको बोझा बोकेको चिन्ह दिइएको थियो ।  यसको चुनावी मुद्दा मधेसलाई क्षेत्रीय स्वयत्त शासन दिने र नेपाललाई एक संघीय राज्य बनाउनु थियो ।

निर्वाचनका बेला नेपाल तराई काँग्रेसले जारी गरेको चुनावी घोषणापत्रमा आफ्नो पार्टीलाई तराईका शोषित, उत्पीडित नागरिकको प्रतिनिधित्व गराउने संगठनको रुपमा परिचित गराएका थिए । सो घोषणापत्रमा नेपाललाई विभिन्न स्वायत्त शासन सहितको प्रान्तहरुमा विभाजित संघात्मक शासन प्रणालीको रुपमा स्थापित गर्नुपर्ने उनीहरुको माग उल्लेख गरिएको थियो (सन् १९५९ : ६) । चुनावी नाराहरु मधेस र मधेसीको हकहीतमा लगाइएको थियो ।

वि.सं. २०१५ सालको चुनावी अभियानमा नेपाल तराई कांग्रेसबाट २१ जना उम्मेदवार उठेका थिए । चुनावीअभियानका बेलामा बेदानन्द झाले तराई काङ्ग्रेसलाई तराईका मानिसको समर्थन भएको दावी गरेका थिए । तर चुनावमा उनको पार्टीको नराम्रो हार भयो । सो पार्टीका २१ जना सबै उम्मेदवार हारेका थिए । आफ्नो निर्वाचन क्षेत्रमा वेदानन्द झाले खसेको मतको २० प्रतिशत मत पनि नपाएकाले उनीहरुको जमानत जफत भएको थियो (गेज, सन् २०१३ : १३९) । त्यसवेला जमानतका रुपमा रु. २५० राख्ने नियम थियो ।  झा आफ्नो तत्कालिन सप्तरी जिल्लाबाट लडेका थिए । पञ्चायत शासकले ७५ जिल्ला बनाउँदा सप्तरी जिल्लालाई सिरहा र सप्तरी जिल्लामा विभाजन गरेपछि उनको घर सिरहा जिल्लामा परेको हो । चुनावका बेला हिन्दी बचाउ आन्दोलनका नेताहरुमध्ये अधिकांश कि त नेपाल तराई कांग्रेसमा लागे कि त नेपाली कांग्रेसमा आवद्ध भएका थिए । हिन्दी बचाऊ अभियान नेपाल तराई कांग्रेसले शुरु गरेको भएपनि यसमा तराईमा संगठन भएको सबैजसो राजनीतिक पार्टीहरु संघर्षमा लागेको देखिन्छ । यसले पनि निर्वाचनमा नेपाल तराई कांग्रेसले गरेको भाषा आन्दोलनको जस तराई कांग्रेसले लिन पाएन ।

भाषाको कुरा सबैभन्दा पहिले उठाउनेमा बेदानन्द झा र तराई काङ्ग्रेसमा रहेका उनका समर्थकहरु नै थिए । तर नेपाली कांग्रेसले यसमा विस्तारै आफ्नो पकड जमाउँदै गएको थियो । महेन्द्र नारायण निधि अखिल नेपाल कमिटिको अध्यक्ष बनेपछि यो आन्दोलन नेपाली काङ्ग्रेसको पकडमा पुग्यो । तराईका अधिकांश सक्रिय र अनुभवी राजनीतिक नेताहरु नेपाली कांग्रेसका भएकाले र उसको साङ्गठनिक क्षमता सबैभन्दा बलियो भएकोले यस्तो भएको थियो (गेज, सन् २०१३ : १३९) । तराईमा राम्रो संगठन गर्न नसकेको र नेपाली कांग्रेसले मधेसका जमिन्दारहरुलाई छानीछानी उम्मेदवार बनाएका कारण तराई कांग्रेसको बेहाल नै भयो । जातिय आधारमा पनि झा थरका मानिसहरुको जनसंख्या तराईमा कम भएकाले पनि भोट दिनेहरुले कि त आफ्नो जात कि त राष्ट्रिय पार्टीलाई रोजे । जसका कारण सबै सिटमा नेपाल तराई काङ्ग्रेसको जमानत जफत भएको हो ।

तराई काङ्ग्रेसले तराईका शिक्षित बर्गमा रहेको काठमाडौंका सरकारी अधिकारी र तराईमा थोपरिएको पहाडे संस्कृति विरोधी भावनाको फाइदा लिने प्रयास गरेको थियो । तर उसले तराईमा अर्धस्वायत्त राज्यको माग गरेपछि व्यावहारिक रुपमा तराई काङ्ग्रेस एकसूत्रीय पार्टी बन्यो । तराईमा

समर्थन जुटाउनका लागि अरु राजनीतिक दलहरु पनि आफ्ना चुनाव प्रचार अभियानमा क्षेत्रीय भाषा प्रति सहानुभूतिका केही शब्द बोल्न बाध्य बनाउन तराई कांग्रेस सफल भए पनि मतदाताहरुले भने ठूलो पार्टीको ठूलो जमातमा बोलेको कुरालाई विश्वास गरे। यसो गरेर उनीहरुले भाषा विवादको हावा खुस्काइदिए र तराई काङ्ग्रेसको मूल मुद्दालाई मोडिदिए ( गेज : सन् २०१३ : १३९ ) । तराई कांग्रेसको संगठनमा लागेकाहरु मध्ये अधिकांश विस्तारै अन्य राजनीतिक पार्टीहरुको प्रचार प्रसारमा लाग्न थालेका थिए । मधेसमा हार्ने हल्ला भएपछि त्यसैपनि मतदाताहरुले मत खेर जान्छ भनेर भोट हाल्दैनन् । त्यही नियती नेपाल तराई काङ्ग्रेसको भएको देखिन्छ ।

तराई कांग्रेसले भने जम्मा ३६ हजार १०७ मत प्राप्त गरेको थियो । जुन कूल मतको २.१ प्रतिशत भएपनि कुनै पनि उम्मेदवार विजयी भएनन । तराई कांग्रेस संगठनात्मक रुपमा आम नेपाली जनतामाझ भिजिसकेको थिएन । जसले गर्दा उसको सर्वनाक हार भयो ( रामनारायण देव, नागरिक दैनिक, १५ असार २०७३) ।

बेदानन्द झा, बलदेव दास यादव र कुलानन्द झाहरुले संगठन व्यापक बनाउन सकेनन् र नेपाली कांग्रेसले मधेसमा मधेसीहरुको मागलाई आफ्नो मागका रुपमा उठाउन थालेपछि जनता अलमलिए र नेपाली कांग्रेसलाई नै रोजे । हुन त नेपाल तराई कांग्रेसले चुनावी मुद्दामा भाषा, आर्थिक अवस्था, भौगोलिक आधारहरुलाई मानेर तराई र पहाडलाई दुई वा दुईभन्दा बढी भागमा विभाजित गरेर त्यसको आन्तरिक प्रशासनको पूर्ण अधिकार प्राप्त स्वशासित प्रान्त बनाएर ती सबैलाई एक सूत्रमा आवद्ध गरेर 'नेपाल युनियन' को स्थापना गरेर नेपालमा सही लोकतन्त्रको स्थापना गर्ने भनेको थियो (देवकोटा, २०३६ : २२ ) । यस्तै मागहरुले गर्दा देश टुक्राउने पो हुन कि भन्ने आभाष भएर मधेसमा नेपाली भएर बस्न चाहने जमातले नेपाल तराई कांग्रेसलाई समर्थन गरेन । मूख्य रुपमा मधेसमा व्यक्तिगत पकड भएकाहरु नेपाली कांग्रेसबाट उम्मेदवार भएपछि व्यक्तिगत पहुँचका आधारमा कांग्रेसका उम्मेदवारहरुले निर्वाचन जितेको र झा समुदायको संख्या मधेसमा कम भएकोले समेत जातिय सोचका कारण पनि नेपाल तराई कांग्रेसले हार खानु परेको हो भन्न सकिन्छ । तराई कांग्रेसले अन्य पार्टीहरुसंग तालमेल गरेको थिएन । पार्टी भित्र सक्षम र प्रभावशाली नेतृत्वको अभाव थियो ।

चुनाव पछिको नेपाल तराई काङ्ग्रेस :

वि. सं. २०१५ को निर्वाचनमा जमानत जफतपछि निष्क्रिय भएका नेपाल तराई कांग्रेसका नेताहरू वि. सं. २०१७ को कूपछि विभाजित भए। राजा महेन्द्रले 'कु' गरेपछि नेपाल तराई कांग्रेसका केही नेता पञ्चायतमा सहभागी भए। त्यसका केही नेता कांग्रेसमै फर्के, केही अन्य दलमा मिसिए भने केही दलविहीन रहे। रामजनम तिवारीलगायत नेता कांग्रेसमै फर्के। वेदानन्द झा लगायत नेता पञ्चायती सरकारमा मन्त्री, राजदूत भए। तराई कांग्रेसको दुर्दिन यहीँबाट सुरु भयो। तराई कांग्रेसले चुनाव जित्न नसके पनि महेन्द्रको नजरमा सो दल मधेशकै बलियो हो भन्ने बनाउन राजा महेन्द्रले बनाएको मन्त्रीमण्डलमा गृहमन्त्री रहेका विश्ववन्धु थापा सफल भए । राजा महेन्द्रसंग दर्शन भेट गर्न चाहेका वेदानन्द झालाई त्रिपुरेश्वर स्थित आफ्नो कार्यालयमा बोलाएर तत्कालिन गृहमन्त्री विश्ववन्धु थापाले राजालाई रिझाउन नेपाली भाषा बोल्न सिक्नु पर्दछ भन्ने सुझाव दिएको र सोही अनुसार वेदानन्द झा काठमाडौंमा बस्दा नेपाली भाषामा बोल्न र राजपरिवारका

सदस्यहरुसंग आदरभावले बोल्ने केही शब्दहरु थापाले नै वेदानन्द झालाई सिकाएका थिए । राजा महेन्द्रले तिम्रो भागमा रहेको कुनै विभागको सहायक मन्त्री बनाऊ भन्ने आदेश दिएपछि विश्ववन्धु थापाले आफ्नो अधिनमा रहेको पाँच विभाग मध्ये प्रचार विभागमा वेदानन्द झालाई सहायक मन्त्री बनाएका थिए ( विश्ववन्धु थापा, वि.सं. २०८१ असार ३०)। नेपालमा एक भाषा र एक भेषभुषाको सोच ल्याउने व्यक्ति नै वेदानन्द झा भएको दावी विश्ववन्धु थापाले गरेका छन् । वेदानन्द झा अवसरको सदुपयोग कसरी गर्नु पर्दछ भन्ने कुरामा खप्पिस थिए भन्ने यसबाट प्रमाणित हुन्छ । राजा महेन्द्रले विश्ववन्धु थापालाई बेदानन्दले हिन्दीमात्र बोल्दो रहेछ कसरी मन्त्री बनाउने भनेर जिज्ञाषा राखेको बेला विश्ववन्धुले नेपाली बोल्न अनाए पनि बुझ्ने भएकोले विस्तारै बुझ्छ भनेर राजाको आशय अनुसार वेदानन्द झालाई नेपाली बोल्न सिकाएका रहेछन् ।

वेदानन्द झा पञ्चायती सरकारमा सहभागी हुनु मधेसका निम्ति घाटाको विषय थियो। यसले मधेसीहरु अवसरवादी हुन्छन् भन्ने देखायो । मधेशको मुद्दालाई कमजोर बनाउन यस घटनाले सघाएको थियो । वेदानन्द झा राजाको समर्थनमा लागे भने महासचिव रामजनम तिवारी, श्यामलाल मिश्रासहितका नेताहरू विरोधमा लागेका थिए । राजालाई समर्थन गरेका वेदानन्द झा प्रचार विभाग मन्त्री र भारतका लागि राजदूत समेत भएका थिए । रामजनम तिवारी, श्यामलाल मिश्राहरू बीपी कोइरालासँग वार्ता गरेर नेपाली कांग्रेस पसेका थिए ।

तराई कांग्रेसमा महासचिब रामजनव तिवारी त्यसपछि रक्सौल गएर सानो सम्मेलन गरी प्रजातन्त्र ल्याउनका लागि नेपाली कांग्रेसका नेता सुवर्ण शमशेर जबराको मार्फत तराई कांग्रस पार्टीलाई नेपाली कांग्रेसमा विलय गराए (यादव, सन् २००३ : १०७ ) ।

यसरी नेपाल तराई कांग्रेसको एउटा गुट पंचायती व्यवस्था तर्फ र अर्को गुट नेपाली कांग्रेसमा विलय भएपछि उक्त पार्टी भित्र रहेको बमपन्थिहरु भने मधेस मुक्ति मोर्चा गठन गर्न तर्फ लागेका थिए । यस पछि यो पार्टी नेपाली इतिहासबाट लोप भएर गएको थियो ।

नेपाल तराई काङ्ग्रेसबाट विभाजित भएर गएका मधेसीहरूले वि.सं. २०१८ सालमा तराई मुक्ति मोर्चा गठन गरेका थिए । उक्त पार्टीले निम्न उद्देश्य राखेर छापामार युद्ध गर्ने भनेको थियो ।

(१) नेपालको तराई भुभागमा बसोबास गर्ने मधेसीहरूको समस्यालाई उठाउन,

(२) स्वायत्त शासन र आत्मनिर्णयको अधिकार प्राप्त गर्न र

(३) मधेसीमाथि हुने भेदभाव, उपेक्षा र शोषणको अन्त्य गर्न (यादव, सन् २००३ : १०६ ) ।

पञ्चायतविरुद्ध लड्न कांग्रेस पसेका तराई कांग्रेसका नेताहरूले वि.सं. २०३८ सालमा हर्क गुरुङको बसाइँसराइ प्रतिवेदनको विरोधमा नेपाली कांग्रेस नबोलेपछि पुनः सद्भावना परिषद् नामक संगठन खोलेको रामनाथ मिश्राले पत्रकार नविन झालाई बताएका थिए । त्यही परिषद वि.सं. २०४६ को परिवर्तनपछि नेपाल सद्भावना पार्टीको रूपमा उदाएको थियो (नविन झा, अन्नपूर्ण पोष्ट, साउन १९, २०७५) । यसरी नेपाल तराई कांग्रेसका नेताहरु छिन्नभिन्न भए । अहिले उक्त पार्टीको इतिहासमात्र बाँकी छ । एकजना बेदानन्द झा पञ्चायतमा प्रवेश गरेको र 'एक भाषा एक भेष, एकराजा एक देश' को नारा राजालाई सुनाएर आफू राजाको निगाहमा रमाउने वेदानन्द प्रबृत्ति अहिले पनि मधेसमा यताकदा देखिन्छ । यसले गर्दा मधेसी समुदायले सही नेता पाउन नसक्दा जनता पटक पटक आन्दोलनमा होम्मिनु पर्ने अवस्था विद्यमान छ ।

## निष्कर्ष

मधेसीको भावना अनुसार विभिन्न मागहरु राखेर वि.सं. २००८ सालमा खुलेको नेपाल तराई कांग्रेसले मधेसमा भाषा आनदोलन उठाइ रहँदा उनीहरुको शक्ति बढ्दै गएको देखिएको थियो । तर जब वि.सं. २०१५ सालको निर्वाचनमा २१ जना उम्मेदवार कै जमानत जफत हुनेगरी हार भयो तब पार्टीका नेताहरु तितरवितर भए । कोही नेपाली कांग्रेसमा त कोही पञ्चायतमा पसे । पञ्चायतमा गएका बेदानन्द झाले मन्त्री र भारतीय राजदुत हुने अवसर पाएका थिए । यस घटनाले नेपाल तराई कांग्रेस एउटा अवसरको खोजीका लागिमात्र खुलेको थियो भन्ने प्रमाणित गर्न मधेस विरोधीहरुलाई सहयोग पुगेको थियो ।

नेपालको इतिहासमा नेपाल तराई कांग्रेसले नेपालमा विभिन्न जातजाति, भाषाभाषी र धार्मिक समुदायका मानिसहरु क्षेत्रीय रुपमा विभाजित भएर बसेकाले यहाँ एक जाति, एक भाषाको संस्कृति थोपर्नु हुँदैन भन्ने सन्देश दिएको थियो । यही सन्देशलाई नेपालमा पछि खुलेका क्षेत्रीय राजनीतिक पार्टीहरुले अनुशरण गरेर क्षेत्रीय, जातीय र भाषागत पहिचानको लागि आन्दोलनहरु गरे । जुन आन्दोलन अहिले पनि विभिन्न स्वरुपमा जारी रहेको छ ।

संघीयताका लागि गरिएको संघर्षकै कारण मधेसी राजनीतिको श्रीगणेश भएको मान्नेहरू पनि मान्न सकिन्छ । राणा शासनको अन्त्य पछि नै मधेसलाई संघीयतामा लाने नारा उठेको थियो जसको नेतृत्व नेपाल तराई कांग्रेसले गरेको थियो । त्यसकै फलस्वरुप अहिले मधेस प्रदेश भएको भनेर मान्नेहरुको जमात पनि ठूलो छ ।

नेपाल तराई कांग्रेसका नेताहरु छिन्नभिन्न भए । अहिले उक्त पार्टीको इतिहासमात्र बाँकी छ । एकजना बेदानन्द झा पञ्चायतमा प्रवेश गरेको र 'एक भाषा एक भेष, एकराजा एक देश' को नारा राजालाई सुनाएर आफू राजाको निगाहमा रमाउने वेदानन्द प्रबृत्ति अहिले पनि मधेसमा यताकदा देखिन्छ । यसले गर्दा मधेसी समुदायले सही नेता पाउन नसक्दा जनता पटक पटक आन्दोलनमा होम्मिनु पर्ने अवस्था विद्यमान छ ।

## सन्दर्भग्रन्थसूची


गेज, फ्रेडरिक एच. (सन् २०१३) *नेपालमा क्षेत्रीयता र राष्ट्रियता,* सोसल साइन्स बहा : र हिमाल किताब प्रा.लि. र नेपाल मधेश फाउण्डेशन ।

झा, नविन (२०७५), *अन्नपूर्ण पोष्ट,* साउन १९ ।

देवकोटा, ग्रीष्म बहादुर (२०३६), *नेपालको राजनीतिक दर्पण दोस्रो भाग,* अर्जून बहादुर देवकोटा ।

देव, रामनारायण (२०७३), *नागरिक दैनिक,* असार १५ ।

*नेपाल तराई काङग्रेसको घोषणापत्र,* काठमाडौं, सन् १९५९ ।

यादव, उपेन्द्र (सन् २००३), *नेपाली जन आन्दोलन और मधेसी मुक्तिका सवाल,* मधेसी पीपुल्स राइट फोरम, नेपाल ।

यादव, रामरिझन (२०७०), *सिरहाके इतिहास,* लाल मधेश मासिक ।

राउत, सी.के. २०७०), *मधेसका इतिहास,* गैर आवासीय सङ्घ ।